नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

मिति:२०८३/०६/१६

यस खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग काठमाडौं, डिभिजन कार्यालय, काठमाडौं, जिल्ला प्रशासन कार्यालय, ललितपुर, उद्योग वाणिज्य तथा पर्यटन कार्यालय, ललितपुर, राष्ट्रिय उपभोक्ता मंच, गोकर्णेश्वर न.पा. संगको सहकार्य, जिल्ला प्रहरी परिसर काठमाडौं सहितको संयुक्त टोलीले अनुगमन/निरीक्षण (र्‍यापिड रेस्पोन्स मोडालिटिमा) गर्ने क्रममा तपसिल बमोजिमका खाद्य व्यवसायको मिति २०८३/०६/१४ र २०८३/०६/१५ मा अनुगमन/निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम निम्नानुसारको जरिवाना, कारबाही तथा सुधारका लागि निर्देशन गरियो।

| सि.नं. | मिति | खाद्य व्यवसायको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|---|
| १ | २०८३/०६/१४ | स्टार एकडेमी, ललितपुर म.न.पा-०२, सानेपा, ललितपुर (द्वारा संचालित होस्टल क्यान्टिन) | • श्री जिल्ला प्रशासन कार्यालय, ललितपुरमा आएको सम्बन्धित व्यवसायमा क्यान्टिनको खानामा अखाद्य वस्तु पाईएको भनि आएको उजुरी गुनासो सम्बोधन गर्ने क्रममा मिति २०८३/०६/१४ गते श्री जिल्ला प्रशासन कार्यालय, ललितपुर, उद्योग वाणिज्य तथा पर्यटन कार्यालय, ललितपुर, राष्ट्रिय उपभोक्ता मंच, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग सहितको संयुक्त अनुगमन टोलीले अनुगमन गरेको,<br>• सरसफाई सन्तोषजनक नरहेको,<br>• किट नियन्त्रणको व्यवस्था पर्याप्त नरहेको,<br>• खाना खुवाउने ठाउँ बाहिर खुल्ला स्थानमा रहेको,<br>• झ्याल तथा ढोकामा जालीको व्यवस्था नभएको,<br>• किचनमा Exhaust Fan को व्यवस्था सन्तोषजनक नरहेको। | • किट नियन्त्रणको व्यवस्थापन प्रभावकारी बनाउने,<br>• निर्देशन बमोजिम देखिएको कैफियतको सुधार गर्ने,<br>• संयुक्त अनुगमन टोलिले उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम रु. ५०,०००/- जरिवाना गरिएको । |

| | | | | |
|---|---|---|---|---|
| २ | २०८३/०६/१४ | वि.वि.खाद्य उद्योग, कागेश्वरी मनोहरा, वार्ड नं. ८, काठमाण्डौं | • उद्योग अनुमतिपत्र नविकरण नगरी सन्चालन गरेको,<br>• उत्पादन मिति एक दिन पछीको (Oct 2026) राखेर दालमोठ २२१ पाकेट र पास्ता ३ पाकेट प्याकेजिङ्ग गरेको पाईयो,<br>• चिप्स बनाउने उद्देश्यले कुहिएको मिसिएको २ बोरा आलु प्रयोग गरेको पाइयो। | • भ्रामक लेवल लगाई प्याकेजिङ्ग गरिएको खाद्य पदार्थ लाई नष्ट गरियो,<br>• कुहिएको मिसिएको आलु २ बोरा नष्ट गरियो,<br>• भण्डारण स्थल, उत्पादन स्थल , प्याकेजिङ्ग स्थल ब्यवस्थित गर्न, परिजीवी नियन्त्रणको ब्यवस्था मिलाउन निर्देशन दिईयो,<br>• उद्योगको सरसफई र कामदारको सरसफाई ब्यवस्थित गर्न निर्देशन दिइयो। |
| ३ | २०८३/०६/१४ | अमृत डेरी, कागेश्वरी मनोहरा वार्ड नं. ६, काठमाण्डौं | • पुर्वाधार विना दही, घ्यू उत्पादन गरेको तथा डेरी पसलमा बेकरी तथा किरानाजन्य बस्तु विक्रीको लागि राखेको पाइयो,<br>• डेरी पसलमा निर्देशिका बमोजिम सरसफाई र तापक्रम मापन लगायतका ब्यवस्थापन नगरी सन्चालन गरेको पाइयो,<br>• लेवल नभएको डुनट २ पाकेट र पाउरोटी १ पाकेट पाइयो,<br>• फ्रिजमा काँचो, पाकेको, डेरी, नन्-डेरी एकै स्थानमा नछोपी राखेको,<br>• अनुमति नलिएको उद्योग बाट मिठाई खरिद गरि विक्रीमा राखेको। | • पुर्वाधार विना डेरी पसलमा दही, घ्यू उत्पादन नगर्न, डेरी उत्पादन बाहेक अन्य खाद्य पदार्थ अलग राखेर विक्री गर्न, प्लाष्टिकको भाँडामा खुला रुपमा दुग्ध पदार्थ विक्री वितरण नगर्न, अनुमतिपत्र प्राप्त डेरी उद्योगबाट प्याकेजिङ्ग र लेवलिङ्ग गरेको उत्पादन मात्र विक्री वितरण गर्न, निर्देशिका बमोजिम अभिलेख राख्न निर्देशन दिईयो,<br>• लेवल नभएको खाद्य पदार्थ नष्ट गर्न निर्देशन दिइयो तथा कार्यान्वयन गराइयो। |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८३/०६/१४ | शितल जल उद्योग प्रा. लि., कागेश्वरि मनहोरा न.पा-०९, काठमाडौं | • सरसफाई सामान्य रहेको,<br>• उद्योगमा पानी प्रशोधन गर्दै गरेको अवस्था पाइयो,<br>• उद्योगमा कुच्चिएका, टुटे,फुटेका जार प्रयोग गरेको पाइयो,<br>• Pest control को व्यवस्था नगरेको पाइयो,<br>• कर्मचारीको व्यक्तिगत सरसफाई संतोषजनक रहेको। | • कुच्चिएका, टुटे,फुटेका जार १३ वटा नष्ट गरियो,<br>• प्रशोधित पिउने पानी (जार) को अनुसन्धनात्मक नमुना संकलन गरियो। |
| ५ | २०८३/०६/१४ | बि एंड बि इन्टरनेष्नल ट्रेडिङ्ग प्रा. लि., का.म.न.पा-१६, काठमाडौं | • सरसफाई सामान्य रहेको,<br>• Pest control को व्यवस्था नगरेको पाइयो,<br>• उद्योगको भण्डारण कक्ष अब्यवस्थित पाइयो,<br>• यस उद्योगले पहिले पोखरा देखि अनुमतिपत्र लिएर खारेजी गरेको जानकारी पाइयो । | • उद्योगमा प्याकेजिङ्ग भएका उत्पादन अनुमतिपत्र लिएर मात्र बिक्रीवितरण गर्ने निर्देशन गरियो। |
| ६ | २०८३/०६/१४ | बन्दना डेरी, सुर्यविनायक नगरपालिका -०३, भक्तपुर | • सरसफाई सामान्य रहेको,<br>• डेरी पसलमा रहेको दुधको Neutralizer, starch परीक्षण गर्दा नपाईएको,<br>• पुर्ण लेवल विवरण नभएका घिउ ११ थान (५०० ml) को भण्डारण गरेको पाइयो,<br>• सिधै किसानदेखि नै डेरीमा दूध विक्रीवितरण गरेको पाइयो,<br>• डेरी पसल लगायत भण्डारण कक्ष, घरको सबै ठाउमा निरिक्षण गर्दा कुनै अखाद्य वा मिसावट गर्ने सामग्री नपाईएको। | • खाद्य स्वच्छता कायम गरी विक्रीवितरण गर्न निर्देशन दिईयो,<br>• थप अनुसन्धानको लागि अनुसन्धानत्मक घिऊको नमुना संकलन गरियो। |

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौं

| | | | | |
|---|---|---|---|---|
| ७. | २०८३/०६/१५ | सिद्धि विनायक खाद्य स्टोर चन्द्रागिरी न.पा-२३, काठमाण्डौं | • सरसफाई सामान्य रहेको,<br>• भण्डारण कक्षमा उपभोग गर्ने अवधि समाप्त भएको ४ बोरा कालो भटमास (१२० के.जी.) पाइएको,<br>• भण्डारण कक्षमा हरियो केराउ ७ बोरा (२१० के.जी.) पाइयो। | • भण्डारण कक्षमा रहेको ७ बोरा (२१० के.जी.) हरियो केराउ अर्को आदेश नभएसम्मका लागि बिक्रि वितरण नगर्न निर्देशन गरियो,<br>• उपभोग गर्ने अवधि समाप्त भएको ४ बोरा कालो भटमास (१२० के.जी.) कालो भटमास नष्ट गरियो,<br>• थप अनुसन्धान र कारबाही जिल्ला प्रहरी परिसर काठमाडौंले अगाडी बढाउने। |
| ८ | २०८३/०६/१५ | ब्रदर्स हिमालयन बेकरी, गोकर्णेश्वर न.पा. बार्ड नं. ८, काठमाण्डौं | • उद्योगको अनुमतिपत्र नलिई सन्चालन गरेको,<br>• लेवल नभएको बेकरी पदार्थ ११ पाकेट पाईयो। | • खाद्य उद्योगको अनुमतिपत्र लिएर मात्र उद्योग सन्चालन गर्न निर्देशन दिईयो,<br>• लेवल नभएको बेकरी नष्ट गरियो। |
| ९. | २०८३/०६/१५ | दिप दर्शन चिया पसल, गोकर्णेश्वर न.पा. बार्ड नं. ८, काठमाण्डौं | • प्रिन्टेड कागजमा खाद्य पदार्थ राखेर विक्री गरेको पाइयो,<br>• पकाएको बस्तु २ घन्टा भन्दा बढि समय सामान्य तापक्रममा राखी विक्री गरेको पाइयो। | • प्रिन्टेड कागजमा खाद्य पदार्थ राखेर विक्री नगर्न निर्देशन दिईयो,<br>• पकाएको खाद्य पदार्थ २ घन्टा भन्दा बढि समय सामान्य तापक्रममा नरहने ब्यवस्था गर्न निर्देशन दिइयो। |

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौं

| | | | | |
|---|---|---|---|---|
| १०. | २०८३/०६/१५ | बज्रयोगीनी स्टोर, गोकर्णेश्वर न.पा. वार्ड नं. ८, काठमाण्डौं | • खाद्य पदार्थ र अखाद्य पदार्थ एकै स्थानमा रहेको पाइयो,<br>• अनुमतिपत्र उल्लेख नभएको खाद्य पदार्थ विक्री गरेको पाइयो,<br>• लेवल नभएको डुनट २ पाकेट र पाउरोटी १ पाकेट पाइयो,<br>• गोवर्धन ब्राण्डको बेकरी सर्टेनिङ ५०० ग्रामको १३ डिब्वा विक्रिको लागी राखेको पाइयो ,<br>• अनुमति पत्र नभएको मिक्स गरम मसला ५ पाकेट पाइयो। | • खाद्य पदार्थ र अखाद्य पदार्थ छुट्टा छुट्टै राख्ने,<br>• अनुमतिपत्र उल्लेख नभएको मसला अर्को आदेश नहुँदा सम्म विक्री वितरण नगर्ने,<br>• गोवर्धन ब्राण्डको बेकरी नगरपालिकाको प्रतिनिधि रहोवरमा राखी फिर्ता गराउने र फिर्ता भरपाई बिभागमा पेश गर्ने निर्देशन दिइयो। |
| ११. | २०८३/०६/१५ | हरिदाश घमालको दर्ता नभएको पसल, गोकर्णेश्वर न.पा. वार्ड नं. ८, काठमाण्डौं | • दर्ता नगरी व्यावसाय सन्चालन गरेको पाईयो,<br>• खाद्य अनुमतिपत्र नभएको खाद्य पदार्थ विक्रीको लागी राखेको पाईयो,<br>• लेवलिङ्ग र प्याकेजिङ्ग नभएको खाद्य पदार्थ विक्रीको लागी राखेको पाईयो,<br>• खरिद तथा विक्री विल नरहेको पाइयो। | • दर्ता गरेर मात्र व्यावसाय सन्चालन गर्ने निर्देशन दिइयो,<br>• खाद्य अनुमतिपत्र नभएको खाद्य पदार्थ विक्रीको लागी नराख्न निर्देशन दिईयो,<br>• लेवलिङ्ग र प्याकेजिङ्ग नभएको खाद्य पदार्थ विक्री नगर्न निर्देशन दिइयो,<br>• खरिद तथा विक्री विल प्रचलनमा ल्याउन निर्देशन दिइयो। |

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ

## <u>२०८३/०६/१४ को अनुगमनका केहि झलकहरु</u>











नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौ

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं









सरकार
...च्छता मन्त्रालय
...न्त्रण विभाग

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौं

## २०८३/०६/१५ को अनुगमनका केहि झलकहरु











नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाण्डौं